# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 19 No 3 Monthly International Edition of Herald of His Coming March 2018

वर्ष १९, अङ्क ३ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (चैत, २०७४)

# प्रभुको काम प्रशस्त छ

## Abound in the Work of the Lord

**By Rich Carmicheal**

76 No 12 (912)

परमेश्वरको राज्यको प्रचारप्रसारको निम्ति उहाँको राज्य विस्तारको निम्ति खेतालाहरू एकदमै थोरै छन् ।

"येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो । तर भिडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो । किनभने तिनीहरू गोठाला विनाका भेडाहरू जस्तै हैरान र असहाय भएका थिए । तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, फसल प्रसस्त छ, तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिउन ।" (मत्ती ९ : ३५ - ३८)

परमेश्वरले आत्मिक र शारीरिक कमजोरीहरूलाई वास्ता गर्नुहुन्छ र उहाँलाई यो पनि थाहा छ कि धेरैले उहाँलाई आदर गर्छन् । यी मानिसहरूलाई ख्रीष्टकहाँ ल्याउनको निम्ति हामी उहाँका खेताला बन्नु पर्छ र मात्र खेती भित्र्याउन सक्छौ । येशू आफै यस्तो काममा लाग्नु भयो । उहाँले आफ्नो चेलाहरूलाई पनि यो भन्नु भयो, "मलाई पठाउनु हुनेको इच्छाअनुसार गर्नु र उहाँको काम पूरा गर्नु नै मेरो योजन हो ।" ( यूहन्ना ४ : ३४) उहाँले यो समारिकनहरूको बीचमा हुँदा भन्नु भएको हो । जसले ख्रीष्टमा विश्वास गरे । उहाँको कार्य भनेको हराएकालाई खोज्नु र बचाउनु हो । (लूका १९ : १०) अनि उहाँले अन्त्यतिर छुनुभयो, निको पार्नुभयो र प्रचार गर्नुभयो साथै मानिसलाई उत्साह दिनुभयो, साथै उहाँले आत्मिक र शारीरिक खाँचोहरूलाई पूरा गरिदिनुभयो । "जसरी मानिसको पुत्र पुत्र पनि सेवा पाउनलाई होइन तर, सेवा गर्न र धेरैका छुट्काराको मोल स्वरूप आफ्नो प्राण दिन आयो ।" (मत्ती २० : २८) उहाँ अरूले पनि ख्रीष्टलाई चिनुन् र उहाँमा बाँचुन् भनेर आउनु भयो । यो अचम्मको कुरा होइन कि उहाँले हाम्रो विचारलाई फसल भित्र्याउने पट्टि लैजान चाहनुहुन्छ । "के तिमीहरू भन्दैनौ अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ ? म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर बाली कटानीको निम्ति पाकिसकेको छ ।" ( यूहन्ना ४ : ३५) हामी उहाँका हातहरू हौं, उहाँका खुट्टाहरू हौं र उहाँको आवाज हौं । हामी उहाँका राज्यको निम्ति आवश्यक भाडोहरू हौ । समय छोटो छ, हामीले मौका पाएसम्म काम गर्न छोडनु हुँदैन ।

हामीहरू पावलले भनेको जस्तै रहनुपर्छ, "यस कारण प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैँ बढ्दै जाओ किनकि तिमीहरू जान्दछौँ कि, प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन ।" (१ कोरिन्थी १५ : ५८) हामीले ख्रीष्टको काम गर्दा निम्न बुँदाहरूमा विश्वासका साथ लाग्नु पर्छ ।

**१. परमेश्वरको काम गर्न सजिला छैन** - प्रेरित पावलले यो लेख्दछन् कि हाम्रो

कडा परिश्रमले पुग्दैन उनले एउटा ग्रीक शब्द प्रयोग गर्दछन् कि "कोपोस" यसको अर्थ कडा परिश्रमको निम्ति चिन्ता गर्नु हो । जब परमेश्वरको कार्य पावलले गर्दथे तब उनी अत्यन्त खुसी हुन्थे । उनले भने म जे छु परमेश्वरको अनुग्रहबाट भएको छु जति पनि परिश्रम म गर्दछु उहाँको शक्तिमा गर्दछु । (१ कोरिन्थी १५ : १०) जे सुकै हाम्रो काम हो, त्यो प्रचार गर्ने, पढाउने अथवा अरूलाई दिने वा प्रार्थना गर्ने, अरूको स्याहारसुसार गर्ने वा उत्साह दिने वा अगुवाई गर्ने हरेक काम गर्दा खुसी रहनु पर्छ र आशा गर्नुपर्छ कि एकदिन उहाँको काम प्रकट हुनेछ भनेर ।

**२. उहाँको काम गर्दा चाहिने सामग्री उहाँले नै उपलब्ध गराउनु हुन्छ -** "परमेश्वरले तिमीहरूलाई हरेक आशिष प्रसस्त मात्रामा दिन सक्नुहुन्छ ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रसस्त होस् र हरेक असल कामको निम्ति तिमीहरूले प्रसस्त मात्रामा दिन सक ।" (२ कोरिन्थी ९ : ८) परमेश्वरको काम गर्दा हामीले प्रशस्त आशिष पाउन सक्छौँ, किनकि उहाँ मात्र हाम्रो आवश्यकता पूरा गर्ने माध्यम हुनुहुन्छ र सबै जुटाइदिनु हुन्छ ।

उहाँले हामीमाथि अनुग्रह गर्ने मात्र होइन, उहाँ आफै हामीभित्र रहनुहुन्छ । येशूले यो भन्नुभयो, "म पितामा छु र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौं ? जुन वाणी म तिमीहरूलाई भन्दछ, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइन तर ममा बास गर्नु हुने पिताले आफ्नो काम गर्नुहुन्छ ।" (यूहन्ना १४ : १०) र पावलले पनि यो भन्दछन् कि, "मेरो अन्तस्करणमा उहाँले नै जोडसँग प्रेरणा दिनु भएको शक्तिअनुसार म त्यसैको निम्ति कठोर परिश्रम गर्दछु ।" (कलसी १ : २९) त्यस कारण परमेश्वरले आफ्नो कामको निम्ति उहाँ हामीभित्र भएर काम गर्न लगाउनु हुन्छ । उहाँको आज्ञा अनुसार जाऊ र चेला बनाओ भन्नेमा येशूले सधैं तिमीसँग रहनेछु भनेर प्रतिज्ञा गर्नु भएको छ (मत्ती २८ : २०) उहाँ हामीलाई उत्साह दिनलाई विश्वासयोग्य हुनुहुन्छ र उहाँले आफ्ना असल वचनहरू हामीमा राखिदिनु हुन्छ । (२ थिस्लोनिकी २:१७)

के तपाइँ परमेश्वरको काम गर्न खाँचोमा हुनुहुन्छ ? हुनसक्छ तपाइँ उत्साहको खाँचोमा रहनुभएको छ ? हेर्नुहोस्, पत्रुस र यूहन्नालाई उहाँको काम गर्नुलाई उत्साह दिनुभएको (प्रेरित ४ : १३) के तपाइँ शक्तिमा कमजोर हुनुहुन्छ ? याद गर्नुहोस्, चेलाहरूले कसरी प्रार्थना गरेका थिए । "तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो र तिनीहरू सबै जना पवित्रआत्माले भरिए र तिनीहरूले साहससित परमेश्वरको वचन बोले ।" (प्रेरित ४ : ३१) के तपाइँले उत्साह हराउनु भएको छ । बुद्धि हराउनु भएको छ ? शक्ति गुमाउनु भएको छ ? उहाँमा नै रहेर हामीले यो सबै गर्न सक्छौं । येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेको काम पनि गर्नेछ र ती भन्दा ठूलो काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु । तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्ने छु" (यूहन्ना १४ : १२ - १३) हामीले परमेश्वरको काम गर्नको निम्ति हरेक कार्य गर्न उहाँले हामीलाई प्रसस्त दिनुहुन्छ । उहाँको शक्तिशाली नाउको अनुसार म हरेक काम गर्न शर्माउदिन उहाँको शक्ति मभित्र प्रसस्त छ (रोमी १ : १६) उहाँमा हामीले हरेक कार्यमा प्रसस्त पाउँछौ भनेर थाहा गर्नु पर्छ । जब हामी उहाँमा बाँधिएर रहन्छौ हामीले हरेक काम गर्न सफल पाउदछौँ । (यूहन्ना १५ : ५)

**३. परमेश्वरको कामको हरेक मामिलामा उहाँले मिलाउनु हुन्छ-** परमेश्वरको दिन नजिक आएको छ, "प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ त्यो आगोद्वारा प्रकट हुनेछ र हरेकले कस्तो काम गरेको छ सो आगोले जाँच गर्नेछ ।" (१ कोरिन्थी ३ : १३) जीवनमा धेरै कुराहरू क्षणिक हुन्छन्, हामीलाई थाहा छ कि परमेश्वरको कार्य अनन्तसम्म हुनेछ । खीष्ट मर्नुभयो गाडिनु भयो र तेस्रो दिनमा बौरि उठनुभयो र फेरि आउनुहुनेछ र हामीले उहाँको कामको प्रचार गर्दा उहाँको जीवनको बारेमा प्रचार गर्नुपर्छ । सबै अनन्तदेखि अनन्तसम्म हुनेछ ।

कुनै पनि काम परमेश्वरको मात्र हो किनकि, "परमेश्वर अन्यथा हुनुहुन्न र तिनीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न तिमीहरू अझै पनि त्यस्तै सेवा गरिराखेका छौं ।" (हिब्रू ६ : १०) के तपाइँले देख्नुहुन्छ कि कसरी प्रभुले एकाधिकारको साथ भन्नुहुन्छ ? जसरी हाामीले उहाँका मानिसलाई सहायता गर्दछौं । यदि हामीले केही कार्य

उहाँको निम्ति गर्दछौं भने परमेश्वरको प्रेम देखाएर गर्छौं । येशूको शिक्षामा हराएका आफ्ना भाइको निम्ति शोक गर्न भन्नुभयो, तिमीहरूले एकजनालाई गरेको सहायता त्यो मेरो निम्ति नै हो ( मत्ती २५ : ४०) एक दिन उहाँले मुकुट दिनुहुनेछ । (१ कोरिन्थी ३ : ८) हाम्रो काम पनि उहाँको आज्ञा पालन गर्नु र गर्न लगाउनु हो जसरी खीष्टले जब प्रभुको दोस्रो आगमन हुनेछ खीष्टमा बलियाहरू मात्र त्यहाँ हुनेछन् र तिनीहरूले परमेश्वरको काम गर्नेछन्, "हाम्रा प्रभु येशू जब आउनु हुन्छ त्यसबेला उहाँको सामुन्ने हाम्रो आशा वा आनन्द वा गर्भको मुकुट तिमीहरू नै होइनौं र ? निश्चय नै हाम्रो गौरव र आनन्द तिमीहरू नै हौं ।" (१ थिस्लोनिकी २ : १९-२०)

यी सबै कुराबाट परमेश्वरलाई महिमा मिलेको होस् । जसरी येशूले पिताको महिमाको निम्ति गर्नु भयो र उहाँको महिमा यस पृथ्वीमा ल्याउनु भयो, जुन काम पिताले पुत्रलाई दिनुभएको थियो । (यूहन्ना १७ : ४) त्यसै गरी हाम्रो पिताले पनि हामीले गरेको कार्यबाट आफ्नो महिमा लिनुहुन्छ (मत्ती ५ : १६, १ पत्रुस २ : १२) यी सबै गर्न हामी नै हौ, "किनकि हामी असल कामहरूका निम्ति खीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिडौं भन्ने हेतुले परमेश्वरले पहिल्यैबाट ती तयार गर्नुभएको थियो ।" (एफिसी २:१०) येशूले हामीलाई मुक्त गराउन आफैलाई अर्पण गर्नु भयो र नयाँ बनाउनुभयो "खीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोसिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नु भयो ।" (तीतस २ : १४) कस्तो अचम्मको मौका हामीलाई दिनु भएको छ, "जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी र कुनै पनि असल कामको निम्ति तयार रहनेछ ।" (२ तिमोथी २ : २१) हामीले विश्वासयोग्य भएर उहाँको काम गर्‍यौं भने उहाँले हामीबाट महिमा लिनु हुन्छ र हामीलाई मुकुट दिनुहुन्छ । पावलले तिमोथीलाई आफ्नो पत्रमा यसरी भन्दछन्, "मैले उत्तम लडाईं लडेको छु, मैले दौड सिध्याएको छु, मैले विश्वासलाई बचाइ राखेको छु; अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ र मलाई मात्र होइन तर उहाँको पुनरागमन प्रलय मान्नेहरू सबैलाई दिनु हुनेछ ।"

(२ तिमोथी ४:७-८)


# हार्दिक शुभकामना

**पुनरुत्थान (इस्टर) महोत्सवका साथै नव वर्ष वि.सं. २०७५ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा प्रेम, विश्वास र एकताका लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।**

## नेपाल खीष्टियन हेराल्ड परिवार

प्रेरणा मण्डली परिवार
जी. एन. माउन्टेन गियर परिवार
ग्रेस एकेडेमिक कन्सल्टेन्सी परिवार
समर्पण आमा-दिदीबहिनी प्रार्थना सङ्गति
पिप्ले मण्डली परिषद्, चितवन परिवार
ACTS नेपाल परिवार

# जीवन गवाही

*मेरो नाम निरु शेर्पा हो । मेरो जन्म वि.सं. २०४५ साल दोलखा, गौरीशंकर, चङ्खुमा भएको हो । म जन्मेको चार वर्षपछि दुवै खुट्टामा घाउ सुरु भयो । घाउबाट धेरै पिप र पानी निस्किथ्यो । धेरै पटक अस्पतालमा उपचार गरे पनि घाउ केही समय निको हुन्थ्यो, अनि फेरि सुरु हुन्थ्यो । जीवन यसै गरी बिताउँदै जाने क्रममा वि.सं. २०६१ सालमा घाउ भएको खुट्टामा क्यान्सर भयो र मेरो दाहिने खुट्टा काट्नु पर्ने अवस्था आयो । उपचारका लागि आवश्यक खर्च पनि थिएन । चन्दा मागेर उपचार गर्नुपर्ने अवस्था आयो । मैले यसरी चन्दा मागेर उपचार गर्नुभन्दा म मर्छु, मैले बाँच्नु कुनै आवश्यक छैन भनेर मम्मीलाई भनें । तर पनि मम्मी मान्नु भएन । थोरै मात्र चन्दा मागेर एकजना दाइ र मम्मीले मलाई पोखरा हरियो खर्क अस्पताल पुर्‍याउनुभयो । त्यही अस्पतालमा मेरो खुट्टाको उपचार हुँदैन भनिदिनुभयो । केही समयसम्म त उपचार हुन्छ कि भनेर धेरै कोशिस गरेँ तर केही भएन ।*

*छ महिनासम्म अस्पताल बसेर म आफ्नो घर फर्किएँ । केही समयपछि फेरि पनि अर्को देब्रे खुट्टामा घाउ सुरु भयो । अब भने म साँच्ची नै बाँच्दिन, मर्छु भनेर सोच्न थालेँ ।*

*त्यही समयमा मेरो गाउँभन्दा पारिगाउँको चन्द्र गुरुङ पास्टरले मलाई सुमाचार सुनाउनुभयो । २०६४ सालमा त्यही सुसमाचारको आधारमा म चर्चमा जान थालेँ । पास्टरले मलाई नयाँ करारको बाइबल दिनुभयो । म पढ्नै जान्दिनथेँ । मलाई पहिलेदेखि नै पढ्न एकदमै धेरै इच्छा थियो । अरु बच्चाहरुले ब्याग बोकेर स्कुल जाँदा मेरो मन धेरै दुःखित हुन्थ्यो । मेरो खुट्टा कमजोर भएको कारण पढ्न सकिएन । प्रभुलाई ग्रहण गरेपछि नयाँ करारको पुस्तक पढियो । राम्रोसँग पढ्न नआए पनि पढ्ने कोशिस गरेँ । शब्दहरु बुझ्दैनथ्यो तैपनि कोशिस गरेर एक-दुई शब्द बुझ्थेँ । फेरि कोशिस गरिरहनुपर्छ भन्ने मेरो मनमा आयो । नयाँ करारको बाइबल तीन-चार पटक पढ्दा पनि केही बुझेर लेख्न आउँदैनथ्यो । मनमा शब्दहरु धेरै आउँथ्यो तर लेख्न नआएका कारण गाह्रो भयो । मैले प्रार्थनामा प्रभुलाई कहाँ गएर पढ्ने होला भनेर प्रश्न गर्थे । उत्तरमा कापी र कलमद्वारा आफैँ लेख्ने कोशिस गर भन्ने आवाज आयो । त्यसपछि मैले दिनदिनै बिहान-बेलुका एक एक पाना लेखेँ । बिस्तारै बढाउँदै गएँ । समय बित्दै जाने क्रममा जस्तो बाइबलमा छ त्यस्तै लेखेँ । लेख्न सुरु गरेको दुई वर्ष सात महिनामा सबै बाइबल (नयाँ करार) लेखिसकेँ । अब मैले केही गर्न सक्छु भन्ने विचार मेरो मनमा आयो र मैले कपडा सिलाउने 'टेलर्स' सुरु गरेँ ।*

*लेख्ने काम जारी नै थियो । लेख्दै जाने क्रममा लेखिएका शब्दहरु शुद्ध हुँदै गयो । फेरि प्रार्थनामा मैले प्रभुलाई सोधेँ । फेरि प्रभुले मलाई तालिममा जानुपर्छ भन्नुभयो । मैले सोचेँ- 'तालिममा जान हुन्थ्यो तर टेलर्स के गर्ने ?'*

*टेलर्स बेचेरै भए पनि तालिममा जान्छु भन्ने निर्णय गरेँ । म काठमाडौं आएँ । काठमाडौँ आए पनि कहाँ जाने ? कसलाई भेट्ने ? केही थाहा थिएन । दोलखा, चरिकोटका चित्र भाइलाई चिनेको थिएँ । उनले मलाई तालिममा जान उत्साहित गरे । उनकै सहायताले म तालिममा जान सकेँ ।*

*मैले अहिले आशीर्वाद बाइबल स्कुलमा पढ्ने मौका पाएको छु । यस स्कुलका सबै गुरु-गुरुआमा सबैलाई हृदयदेखि धन्यवाद दिन्छु । यस ठाउँमा परमेश्वरले मलाई सिकाउनुभएका कुराहरु म जन्मेको गाउँमा गएर बुझाउनेछु । अरुलाई पनि परमेश्वरको बाटोमा आउन प्रेरणा दिनेछु । मैले जस्तै गर्न कमजोरहरुलाई उत्साह दिने कोशिस गर्नेछु । धन्यवाद ।*

**नियमित बाइबल पढ्ने बानी बसालौं**

# परमेश्वरलाई खुसी पार्नु

हरेक धर्मशास्त्रभरि नै आफूले मान्दै आएको ईश्वरलाई खुसी पार्नु पर्छ भन्ने कुरा उल्लेख गरिएको छ । "र उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दै जान सक ।" (कलस्सी १ : १०) तर हामी हाम्रो पैतला विना कसरी अगाडि बढ्न सक्ने ? हामीसँग कति त्यो निश्चित निसानमा पुग्ने उद्देश्यहरू छ ? हृदयभित्रको अज्ञाकारीले परमेश्वरलाई खुसी पार्न सकिन्छ । आज्ञाकारीमा कमी भएमा हामीले परमेश्वरलाई सधैं पछ्याउनु पर्छ । उहाँलाई पछ्याउनु चाहिँ हामीले प्रभुत्व जमाउन होइन, न्याय गर्न होइन तर हृदयबाट प्रेमले पछ्याउनु पर्छ । उहाँका सन्तहरूले उहाँको अज्ञान्ता अज्ञाकारिता र निर्दोष व्यक्तिहरूबाटको आज्ञाकारीले परमेश्वरलाई खुसी पार्न सक्छ ।

अब आउनुहोस्, हामी उहाँको आज्ञामा आज्ञाकारी भएर उहाँलाई पछ्याऔं । जब हामी येशूलाई हृदयमा ग्रहण गर्न सकिँदैन भने उहाँलाई खुसी पार्न सकिँदैन तर हामी येशूमा समर्पण गरेर उहाँको रगतमा विश्वास गरेर हामी परमेश्वरलाई खुसी पार्न सक्छौं । उहाँको रगतले हाम्रो सबै पापको मूल्य तिरिसकेको छ । प्रभु तपाइँको त्यो क्रूसको पीडादायी दुःख र आफ्ना विश्वास हाम्रो निम्ति दिनुभएको लागि धन्यवाद । प्रभु, हामी तपाइँको बाटोलाई पछ्याउँछौ, हामी तपाइँको पछि लाग्नेछौ तपाइँको आज्ञाहरू हामी सदैव मनन गर्नेछौं र तपाइँको वचनले हामी बाँच्न सकौं हामी अज्ञाकारी भएर परमेश्वरलाई खुसी पार्न सकौं । हामी घृणाले भरिएको ठाउँमा बसेको छ, हाम्रो मित्रहरूसँगको सम्बन्ध चिसोपन छ तर हामीले आनन्द मानेर सबैलाई प्रेम गर्न सकुँ, प्रभु तपाइँको अनुग्रहले मेरो जीवनमा ठोक्नुहोस् र तपाइँको प्रेमलाई बुझेर अज्ञाकारी भई परमेश्वरलाई खुसी पार्न सकौं ।

# हाम्रो धन्यको आशा

हिब्रू ६ : १८-१९ मा हाम्रो अगाडि राखिएको आशाको बारेमा पढ्न सक्दछौं जो हाम्रो आत्माको निम्ति लडगर हो जुन दृढ र सुरक्षित छ । (१ यूहन्ना ३ : २ - ३) मा ख्रिष्ट आउँदा हामी उहाँ जस्तै हुनेछौ भनी र जोसँग यो आशा छ उसले आफैलाई शुद्ध पार्दछ भनी पढ्दछौं । जसको अर्थ यस संसारको फोहोर र मूर्खताबाट उसले आफ्नो जीवनलाई चोखो गर्दछ । र, परमेश्वरको वचनलाई आफ्नो दैनिक जीवनको मार्गदर्शक बन्नलाई दिँदछ ताकि जब ऊ प्रभुलाई भेट्न जान्छ, उहाँलाई भेट्दा ऊ शर्ममा पर्ने छैन भन्नु हो (१ यूहन्ना २ : २८) "के तपाइँ यो धन्यको आशाको पखाइमा हुनुहन्छ ?" यदि तपाइँ यो कुराको पखाइमा हुनुहुन्छ भने परमेश्वरलाई खुसी नपार्ने कुराहरूबाट छुटकारा पाउन दैनिक रूपमा तपाइँले प्रयास गरिरहनु हुनेछ । परमेश्वरको वचनलाई तपाइँको मार्गदर्शक हुन दिनु हुनेछ । "मलाई यस्तो लाग्छ त्यसैले... " वा "म यसरी विश्वास गर्छु...." भन्नुहुने छैन तर, यसको बारेमा वचनले के भन्छ" भनेर तपाइँले भन्नुहुनेछ परमेश्वरले यसरी भन्नुहुन्छ भनी जब तपाइँले थाहा पाउनुहुन्छ, तपाइँले तपाइँका पाइलाहरूलाई त्यसरी नै चल्न आज्ञा गर्नुहुनेछ । दाऊद भन्छन्, "मैले आफ्नो आचरणको विषयमा विचार गरेको छु, र तपाइँका कानुनतर्फ आफ्ना कदम चालेको छु ।" (भजनसङ्ग्रह ११९ : ५९) सम्पूर्ण विश्वासीहरूको निम्ति यो नै एक असल उद्देश्य हुनेछ । किनभने परमेश्वरको वचन अनुसार छैनन् भने हाम्रा मार्गहरू असल हुँदैनन् ।

"...प्रभुको नाउँ लिने हरेक जातिहरू हरेक अधर्मबाट टाढै रहोस् (२ तिमोथी २ : १९- २१), (२ कोरिन्थी ६ : १४-१८) लाउडिकीयाको मण्डली धर्म त्यागी मण्डली थियो (प्रकाश ३ : १४-२२) उनी दुःखी, दयनीय, दरिद्र, अन्धो, नाङ्गो" थिइनँ र यो कुरा उनलाई थाहा थिएन "यसकारण अरूहरूझैं हामी नसुतौं, तर जग बसौं, र सचेत होऊँ" (१ थेस्लोनिकी ५ : ७) "कसैले प्रभुलाई प्रेम गर्दैन भने त्यो भ्रमित होस् । हे हाम्रा प्रभु, आउनुहोस् ।" (१ कोरिन्थी १६:२२)

"यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेला आउनेछ" । (मत्ती २४ : ४४)

– Gospel Tract Society

# हामी विश्वासीहरुले बोल्न र गर्न नहुने कुराहरू

१. **परमेश्वरको नाउँ व्यर्थैमा नलिनू:**

प्रस्थान २०:७ उपदेश ५:१-७

२. **पवित्र आत्माको विरुद्ध नबोल्नू:**

प्रस्थान २३:२० -२७ मती १२:३१-३२ लुका १२:१०

मर्कूस ३:२८-२९

३. **परमेश्वरको अभिषिक्त जनको विरुद्ध नबोल्नु :**

भजनसङ्ग्रह १०५:१५, २:२-२, २०:६

उत्पत्ति २०:३-७ १ इतिहास १६:२२

१ शमूएल २६:७-११, २४:३-१३,

१२:३-५, १९:१०, १८:११-१५, २६:२५

२ शमूएल १:१४ गन्ती १२:१-१३, १४:६, १६:१-५०, २१:४-९

४. **झुठा देवताहरूको नाउँ उच्चारण नगर्नू**

प्रस्थान २३:१३ प्रस्थान २०:१६ एफिसी ५:३-५

५. **इस्रांएलको विरुद्ध नबोल्नू:**

उत्पति १२:२-३ गन्ती २३:८, २१, २३

६. **आफ्नो भाइको विरुद्धमा नबोल्नु**

याकूब ४:११-१२ लेवी १९:११ १८ प्रस्थान २३:१-२

हितोपदेश २४:२८

७. **शासकको विरुद्धमा नबोल्नू:**

प्रस्थान २२:२८ प्ररित २३:५

८. **आफ्नो प्रशंसा आफैले नगर्नू:**

२ कोरिन्थी १०:१८ रोमी २:१-४, २९

हितोपदेश २७:२, ३०:३२-३३, २५:२७

९. **गोप्यता भङ्ग नगर्नू:**

हितोपदेश २५:९, ११:१३ लेवी १९:१६-१८

१०. **आफ्ले नजानेको कुरा नबोल्नू:**

यहूदा १:८, १० उपदेश ५:७ याकूब ३:१-२

२ तिमोथी २:१४-१७

११. **आफूले पालना नगरेका कुरा नबोल्नू:**

रोमी १५:१४-२१ मत्ती ५:१७-२०, २३:१-७

प्ररित २०:३२ १ तिमाथी १:६-७ १ कोरिन्थी २:१-५

१२. **झूट नबोल्नू:**

प्रस्थान २०:१६अय्यूव २७:३-४ व्यवस्था ५:२०

कलस्सी ३:९ १ पत्रुस ३:१० यूहन्ना ८:४४

१३. **हो-होइन भन्दा बढी नबोल्नू:**

हितोपदेश २६:२८, २९:५, १८:२, १५:२

याकूब ५:१२ मत्ती ५:३७ १ थिस्सलोनिकी २:५

१४. **सराप र कुवाक्य मुखबाट ननिकाल्नू:**

एफिसी ४:३१-३२, ५:११-१२ एफिसी ५:३-५

१ पत्रुस ३:९-१० हितोपदेश १३:३, २१:२३

१५. **आफूले बोलेको कूरा नबदल्नू**

भजन सङ्ग्रह १५:४, ६६:१३:३, २१:२३

उपदेशक ५:४-७ व्यवस्था २३:२१

१६. **सम्झौता नगर्नू वा वाचा नबाँध्नू:**

यहोशू ९:१४-२० न्याय २:२ हितोपदेश ६:१-५

व्यवस्था २०: १६, ७:११ प्रस्थान २३:३२

## बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

# परमेश्वरमा विश्वास र उहाँमा आपूर्ति

येशूलाई विश्वास गर्नेहरूको कदम विश्वासमा अघि बढी स्वर्गतिरको लक्ष्य हो । अविश्वासले येशूलाई आदर गर्न सकिँदैन, त्यसैले विश्वासले येशू खिष्टलाई आदर गर्न सकिन्छ । उहाँको नाउँलाई पैसाले आदर गर्न सकिँदैन, हामीले हरेक क्षणमा उहाँलाई आदर गर्ने इच्छा गर्नुपर्छ । उहाँको अनुग्रहले हाम्रो दुःखको क्षण र हाम्रो आत्मीक घाउहरू निको परिएको छ । उहाँको आपार प्रेमले हाम्रो दोषलाई मेटाइसकेको छ । के तपाईंलाई थाहा छ, यदि हामी विश्वासको बाटोमा हिँडेन भने परमेश्वरलाई खुसी पार्न सकिँदैन, हाम्रो हरेक खराब परिस्थितिहरूमा सवधानीपूर्वक विश्वासको बाटोमा हिँड्नु अवश्यक छ । मानिसले यो कुरा पहिला लागू गर्नुपर्छ, हाम्रो अगाडि भएको विश्वासलाई साथ दिई परमेश्वरलाई धन्यवाद दिनुपर्छ । हाम्रो विश्वासमा थप ऊर्जा परमेश्वरले आपूर्ति गर्नुहुन्छ । हाम्रो विश्वासमा अगाडि बढ्न र विश्वासको बाटोमा हिँड्न सहायता गर्ने ऊर्जाको स्रोतचाहिँ परमेश्वर नै हुनुहुन्छ । स्वर्गमा हुनुहुने पिताले हाम्रो आवश्यकताहरू जानुहुन्छ । प्रिय मेरा दाजुलाई तथा साथीहरू हामी विश्वासको बाटोमा हिँड्नलाई ऊर्जाको आपूर्ति परमेश्वरले गर्नुहुन्छ । हाम्रो जीवनको गवाहीबाट अरूलाई उत्साह दिई आफू पनि प्रभुमा आनन्द लिई विश्वासको बाटोमा हिँड्ने कोसिस गरौं ।

“अब भेडाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारुन्, र, तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक । जे परमेश्वरलाई मनपर्दो छ येशू खीष्टद्वारा उहाँले तिमीहरूमा गरुन् । उहाँको महिमा युगौंयुग भइरहोस् । आमेन् । Octavius Winslow

# अलग गरिएका अविभावकहरूको प्रभाव

पूर्ण हृदय भएका खिष्टियनहरू भविष्यमा उनीहरू जस्तै सन्तानको प्राप्तिद्वारा आशिषित हुन्छन् । अलग गरिएका महिला र पुरुषहरू उनीहरूका सन्तानले उनीहरूकै पाइला पछ्याएको देख्नको लागि जिउछन् । यसकारण सत्यवादी बन्नुहोस् र तपाइँको परिवारले तपाइँको विश्वासलाई आदर गर्नेछ । एउटा बच्चाले उसको अविभावकलाई आदर गर्न खोज्नुको मुख्य लक्षण यही उक्त बच्चाले अविभावकको सिको गर्न खोज्नु हो । सधैं त त्यस्तो हुँदैन तर धेरै पटक यस्तो हुन्छ । यदि अविभावकहरू पूर्ण हृदयले परमेश्वरमा जिउँछन् भने तिनीहरूको छोराछोरीहरूले पनि पनि त्यसरी नै जिउने इच्छा गर्दछन् । तिनीहरूले आफ्नो घरमा विश्वासको सुन्दरता देख्नेछन् र भोलि तिनीहरू आफैं अविभावक हुँदा त्यस्तै ईश्वर भक्ति उनीहरूको परिवारमा होस् भन्ने उनीहरूको विवेकले उनीहरूलाई प्रार्थना गर्न उत्साहित गर्नेछ । “बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालिम देऊ र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।” (हितोपदेश २२ : ७) भौतिक र आत्मिक आशिष त्यही घरमा आउँछन् जहाँ अविभावकहरू परमेश्वरमा पूर्णरूपमा अलग गरिएका हुन्छन् ।

Charles H. Spurgeon

**विशेष धन्यवाद**

**पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

**स्थानीय वितरक**

**नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

## प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**